# पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०९/०४

आदरणीय शेयरधनी महानुभावहरु,

मुक्तिनाथ कृषि कम्पनी लि.को मिति २०८० पौष २ गते सम्पन्न संचालक समितिको ७३ औं बैठकको निर्णय अनुसार कम्पनीको पाँचौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

मिति : २०८० पौष २५ गते, (तदनुसार जनवरी १०, २०२४)

समय : दिनको १:०० बजे

स्थान : यति इभेन्ट्स एण्ड कन्फ्रेन्स सेन्टर, बसुन्धरा, काठमाण्डौं ।

## छलफलका विषयहरुः

**(क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९/०७८ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।

३. आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संस्थापक शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने ४ जना तथा सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने १ जना संचालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावः**

१. प्रबन्धपत्र र नियमावलिमा प्रस्तावित दफाहरु तथा नियमहरु संसोधन गर्ने ।

२. अध्यक्ष र संचालकहरुको बैठक भत्ता संसोधन/वृद्धि गर्ने ।

३. प्रबन्ध संचालकको नियुक्ति तथा सेवा सुविधा तोक्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

४. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग). विविध ।

संचालक समितिको आज्ञाले,
रामशरण तिमल्सिना
कम्पनी सचिव

## वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी

१. पाँचौ वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/१३ गते (१) एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गर्ने निर्णय गरिएको छ। मिति २०८०/०९/१२ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा रहेका शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन तथा मतदान दिन सक्नेछन्।

२. वार्षिक सभामा भाग लिन आउनुहुने शेयरधनीहरु महानुभावहरुले आफ्नो हितग्राही खाता नं. (BOID) को विवरण सहित आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र ) साथमा लिई आउनु हुन अनुरोध छ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी हाजिरी पुस्तिका अपरान्ह १२:०० बजे देखि खुल्ला रहने छ ।

४. कुनै शेयरधनी साधारण सभामा स्वयं उपस्थित हुन नसक्ने भै साधारण सभामा भाग लिन तथा मतदान गर्न प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालय, बसुन्धारा काठमाडौंमा दर्ता गराई सक्नुपर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरूलाई प्रतिनिधि (प्रोक्सी) दिन पाइने छैन ।

५. प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा एक जना शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्नु पर्नेछ ।

७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीको तर्फबाट खटाईएको वा मनोनित गरेको प्रतिनिधिले साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने छ ।

८. नाबालक वा अशक्त/विक्षिप्त व्यक्ति शेयरधनीहरुको हकमा यस कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन र प्रतिनिधि (प्रोक्सी) तोक्न पाउनुहुनेछ ।

९. संचालक निर्वाचन सम्बन्धी विस्तृत जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय बसुन्धारा, काठमाडौं स्थित निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

१०. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक भएमा यस कम्पनीको केन्द्रीय कार्यालय बसुन्धारा, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन वा वेबसाईट www.muktinathkrishi.com मा हेर्नहुन अनुरोध छ ।


**मुक्तिनाथ कृषि कम्पनी लि.**

**MUKTINATH KRISHI COMPANY LTD.**

An Associate Company of Muktinath Bikas Bank

बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५०००९७

**इमेलः** info@muktinathkrishi.com, **वेबसाइटः** www.muktinathkrishi.com


"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"